# सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रसंग सम्बन्धित सार्वजनिक विवरण

(आर्थिक वर्ष २०७४।०७५ को आषाढ मसान्तसम्मको)

नेपाल सरकार

अर्थ मन्त्रालय

## सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द

हरिहरभवन, ललितपुर

# १. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्दको स्वरुप र प्रकृति

(क) पृष्ठभूमि:

निजामती सेवा अन्तरगत राजस्व प्रशासन र आर्थिक प्रशासनमा संलग्न कर्मचारीहरुको वृत्ति विकास र क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतको एक विभागीय निकायको रुपमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको स्थापना वि.स.२०३७ सालमा फाल्गुण २९ गते भएको हो । यस केन्द्रले स्थापनाकालपछिका वर्षहरुमा तत्काल अर्थमन्त्रालय अन्तर्गत रहेका कर, अन्तशुल्क, भन्सार विभाग र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरुलाई तालिम दिदै आएकोमा पछिल्ला वर्षहरुमा यसको कार्यक्षेत्र विस्तार भई महालेखा परीक्षकको कार्यालय, जनपद प्रहरी, सशस्त्र प्रहरी लगायत विभिन्न निकायका कर्मचारीलाई पनि मागको आधारमा प्रशिक्षण दिदै आएको छ ।

यस केन्द्रवाट वार्षिक रुपमा संचालन हुने तालिम लगायतका कार्यक्रमहरु तर्जुमा तथा संचालन लगायत सबै कार्यमा नीतिगत मार्गदर्शन गर्न अर्थ सचिवको अध्यक्षतामा एक उच्चस्तरीय निर्देशक समितिको समेत व्यवस्था गरिएको छ ।

राजस्व प्रशासन अन्तर्गत अर्थ मन्त्रालय र मातहतका विभाग तथा कार्यालयहरु र आर्थिक प्रशासन अन्तर्गत महालेखा नियन्त्रक कार्यालय तथा मातहतका कार्यालयहरु र अन्य सरकारी निकायहरु नै यस केन्द्रका प्रमुख सरोकारवाला पक्ष हुन् भने सरकारी राजस्व र आर्थिक प्रशासनमा संलग्न अन्य निकायहरु पनि यस केन्द्रवाट प्रदान गरिने तालिमको लागि सरोकारवाला पक्षहरु हुने गरेका छन् ।

(ख) दीर्घकालीन सोंच:

राज्यको आर्थिक श्रोत संकलन र परिचालन/व्यवस्थापनसंग सम्बन्धित जनशक्तिको उत्पादन र विकास गर्ने र अर्थतन्त्र र आर्थिक तथा राजस्व क्षेत्रका समसामयिक मुद्दा वा विषयहरुमा सूचना तथा परामर्श प्रवाह गर्ने कार्यमा एक अग्रणी प्राज्ञिक संस्था(Center for Excellence)को रुपमा भूमिका निर्वाह गर्ने ।

(ग) लक्ष्य

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको संस्थागत र प्रणालीगत सुधारको माध्यमवाट सार्वजनिक आर्थिक प्रशासन र राजस्व प्रशासनसंग सम्बन्धित जनशक्तिको उत्पादन र विकास गर्ने कार्यको समग्र गुणस्तर अभिवृद्धि गर्ने ।

(घ) समग्र उद्धेश्य

(अ) सम्वन्धित निकायहरुको माग वमोजिम निजामती सेवा राजस्व प्रशासन र आर्थिक प्रशासनमा संलग्न कर्मचारीहरुको वृत्ति विकास र क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गर्ने ।

(आ) परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति अनुरुप तालिमको गुणस्तर अभिवृद्धि गर्न प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने ।

(इ) आर्थिक क्षेत्रका समस्या र मुद्दाहरुको विषयमा गोष्ठी, अन्तरक्रिया र अध्ययन अनुसन्धानको माध्यमवाट उपर्युक्त उपायहरु/सूचनाहरुको पहिचान गरी सरोकारवालाहरु समक्ष प्रवाह गर्ने ।

(ई) संस्थागत र प्रणालीगत सुधारको प्रयासवाट तालिम केन्द्रलाई वदलिंदो परिस्थिति अनुरुप आर्थिक विषयमा प्रशिक्षण प्रदान गर्ने र अध्ययन तथा अनुसन्धान गर्ने अग्रणी निकायको रुपमा भूमिका प्रदर्शन गर्न सक्षम बनाउने ।

(ङ) नीति:

राजस्व एवं आर्थिक प्रशासनका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन एवं विकास गर्नको लागि भौतिक पूर्वाधारयुक्त अनुसन्धानमुलक प्राज्ञिक अग्रणी संस्थाको रुपमा विकास गरी सेवा प्रवाहलाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ ।

(च) रणनीति

(अ) सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रलाई नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत एक आंशिक स्वायत्त, आवासीय र प्राज्ञिक प्रकृतिको आर्थिक अनुसन्धान तथा तालिम प्रतिष्ठानको रुपमा पुन संरचना गर्न सम्भाव्यता अध्ययन एवं संगठन तथा व्यवस्थापन (O & M) अध्ययन गर्ने ।

(आ) छिमेकी देशहरुको तालिम संस्थाहरुको तालिम संचालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका उदाहरणीय कार्यहरुको अवलोकन गर्ने

(इ) सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको कार्यविधि निर्देशिका र कार्यसम्पादन सूचक तयार गर्ने

(ई) अभिलेख तथा सूचना इकाइ (Documentation Center) स्थापनाको लागि पूर्वाधार तयार गर्ने र

(उ) राजस्व प्रशासन तालिम केन्दवाट प्रदान गरिने तालिम तथा शैक्षिक कार्यक्रमलाई आवासीय प्रकृतिको बनाउने ।

(छ) कार्यनीति:

(अ) तालिमको आवश्यकता पहिचान गर्ने ।

(आ) तालिमको पाठ्यक्रम निर्देशिका निर्माण र यसको अद्यावधिक गर्ने ।

(इ) निजामती सेवा राजस्व समुह र लेखा समुहका कर्मचारीहरुको सेवा प्रवेश र सेवाकालीन तालिम संचालन गर्ने ।

(ई) राजस्व र आर्थिक प्रशासनका विषयमा राजस्व र वित्तीय प्रशासनमा कार्यरत जनशक्तिको अभिमुखिकरण र पुनर्ताजगी सम्बन्धी अल्पकालीन तालिम संचालन गर्ने ।

(उ) अन्य सार्वजनिक निकायको माग बमोजिम राजस्व प्रशासन र सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम संचालन गर्ने ।

(ऊ) प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गर्ने ।

(ए) तालिमको प्रभावकारिता मूल्यांकन गर्ने ।

(ऐ) अर्थतन्त्र र आर्थिक तथा राजस्व प्रशासन क्षेत्रसंग सम्बन्धित समसामयिक विषयहरुमा गोष्ठी, अन्तरक्रिया र अध्ययन तथा अनुसन्धान गरी त्यसबाट प्राप्त तथ्य तथा सूचनाहरुलाई सरोकारवालाहरु समक्ष प्रवाह गर्ने ।

(ओ) अर्थतन्त्र र आर्थिक तथा राजस्व प्रशासन क्षेत्रसंग सम्बन्धित प्रशिक्षकहरुको सूचिकरण गरी सूचिकरण भित्रका प्रशिक्षकहरुबाट प्रशिक्षण गराउने ।

(औ) आर्थिक विषयक (राजस्व) पत्रिका प्रकाशन गर्ने ।

## २. संगठनात्मक स्वरुप:

तालिम केन्द्र विभागस्तरको निकाय भएको र यसका अन्य कुनै पनि मातहत निकायहरु रहेका छैनन । तालिम संचालनको काम केन्द्र एवं जिल्लास्तरमा समेत गई संचालन गर्ने गरिएको छ ।

## ३. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको आन्तरिक संगठनात्मक स्वरुप र कर्मचारी संख्या

यस तालिम केन्द्रको संगठनात्मक संरचनामा ३ वटा शाखा रहेका छन् । ती शाखा मार्फत राजस्व प्रशासन तथा आर्थिक प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथै समसामयिक विषयमा अध्ययन तथा अनुसन्धानको कार्य गर्ने गर्दछन् । सबै शाखाहरु सहितको तालिम केन्द्रको संगठन संरचना निम्नानुसार रहेको छ :

## अर्थ मन्त्रालय
## सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको संगठन संरचना



सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा मिति २०७०/०१/१९ को निर्णय अनुसार देहाय बमोजिमका ३३ जनाको दरवन्दी कायम छ। केन्द्रको दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ।

| सि. न. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | पद पूर्ति भएको संख्या | रिक्त भएको पद संख्या | करारमा नियुक्त संख्या | फाजिलमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्रमुख | रा.प.प्र. | प्रशासन | | १ | १ | | | |
| २ | वरिष्ठ प्रशिक्षक | रा.प.द्वि. | प्रशासन | राजस्व | ३ | ३ | – | | |
| ३ | वरिष्ठ प्रशिक्षक | रा.प.द्वि. | प्रशासन | लेखा | ३ | ३ | - | | |
| ४ | प्रशिक्षक | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ३ | २ | | |
| ५ | प्रशिक्षक | रा.प.तृ. | प्रशासन | लेखा | ४ | ४ | - | | |
| ६ | शा.अ. | रा.प.तृ. | प्रशासन | सा.प्र. | १ | – | १ | | |
| ७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | – | | |
| ८ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | १ | १ | - | | |
| ९ | ना.सु. | रा.प.अन.प्र. | प्रशासन | राजस्व | १ | १ | | | १ |
| १० | लेखापाल | रा.प.अन.प्र. | प्रशासन | लेखा | १ | १ | - | | |
| ११ | पुस्तकालय सहायक | रा.प.अन.प्र. | शिक्षा | लाइवेरियन | १ | १ | – | | |
| ११ | टा.ना.सु. | रा.प.अन.प्र. | प्रशासन | सा.प्र. | – | – | | | २ |
| १२ | खरिदार | रा.प.अन.द्वि. | प्रशासन | सा.प्र. | १ | १ | – | | |
| १४ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनि. | मेकानिक्स | २ | २ | – | २ | |
| १५ | का.स. | श्रेणी विहिन | | | ८ | ६ | २ | ६ | |
| | जम्मा | | | | ३३ | २८ | ५ | ८ | ३ |

## ४. कार्यक्षेत्र

केन्द्रीय निकायको रुपमा रही नेपाल राज्यभर कार्यरत राजस्व समूह, लेखा समूह र लेखापरीक्षण सेवाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ५. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रले गर्ने कार्य

(क) तालिम सम्बन्धी कार्यहरु

- तालिम आवश्यकताको पहिचान,
- तालिम पाठ्यक्रम विकास तथा प्रशिक्षण निर्देशिका निर्माण,
- सेवा प्रवेश, सेवाकालीन र अल्पकालीन तालिम संचालन,
- अभिमुखीकरण र पुनर्ताजगी तालिम संचालन,
- प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन,
- तालिमको प्रभावकारिता मूल्यांकन,
- स्रोत व्यक्तिहरुको व्यवस्थापन,

(ख) अन्य कार्यहरु

- राजस्व तथा आर्थिक प्रशासन सम्बन्धी विषयहरुमा अन्तरक्रिया, गोष्ठी तथा कार्यशाला आयोजना
- राजस्व तथा आर्थिक प्रशासनका क्षेत्रमा अध्ययन अनुसन्धान र परामर्श
- 'राजस्व' पत्रिका प्रकाशन ।

## ६. सचिवालय, महा/शाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वर:

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | तालिम प्रमुख | दामोदर रेग्मी | ९८४१३५९९७३ |
| २ | बरिष्ठ प्रशिक्षक | बाबुराम ज्ञवाली | ९८४९०५६८३३ |
| ३ | बरिष्ठ प्रशिक्षक | डिलाराम सापकोटा | ९८४१४९२७८७ |
| ४ | बरिष्ठ प्रशिक्षक | चन्द्रप्रसाद भुसाल | ९८४१३६०५४८ |
| ५ | बरिष्ठ प्रशिक्षक | रुद्रबहादुर कार्की | ९८५११२८२८५ |
| ६ | बरिष्ठ प्रशिक्षक | तीर्थराज बराल | ९८४१४८६०६७ |
| ७ | बरिष्ठ प्रशिक्षक | ध्रुवराज ज्ञवाली | ९८४९३५९३६८ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

(क) सूचना दिँदा लिनुपर्ने शुल्क

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।

- सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ ।

- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।

यसामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ ।

माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ । सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन ।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।

- कुनै सूचना तयार गर्दा माथि लेखिएभन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ ।

- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।

- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यब मोजिम नै हुनेछ ।

तर तालिम केन्द्रको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना सामग्रीको शुल्क लाग्ने छैन ।

(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- राजस्व खातामा जम्मा गर्न सकिन्छ ।
- कुनै बैंकमा रकम जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ ।
- सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ ।

(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र,

- निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन,, दिनभित्र निवेदकलाई उपलव्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ ।

- अन्य विशेष ऐन नियमले अवधि तोकेकाको हकमा सोही अवधिभित्र

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः (निर्णय प्रक्रिया सम्बन्धमा)

- तालिम केन्द्रले उपलव्ध गराउने सेवा सम्बन्धी निर्णय सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धी निर्णय सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

- केन्द्रले सम्पादन गर्ने कार्यका सम्बन्धमा निर्णय गर्ने अधिकारी

- तालिम प्रमुख

- तालिम प्रमुखबाट प्रत्यायोजित अधिकार बमोजिम शाखा प्रमुखहरु
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा तालिम प्रमुखले निर्णय गर्ने

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

(क) तालिम केन्द्रले उपलव्ध गराउने सेवा सम्बन्धमा प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम र

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा राष्ट्रिय सूचना आयोग

## १० सम्पादन गरेको कामको विवरण:

१०.१ उपलव्धीहरु

केन्द्रको आ.व. २०७४/७५ आषाढ महिनासम्मको प्रगति विवरण देहाय बमोजिम रहेको छ:

| खण्ड (क) आ.व. २०७४।७५ को राजस्व नीति तथा कार्यक्रम बमोजिम सम्पन्न कार्यक्रमहरु: | | |
|---|---|---|
| सि.नं. | कार्यक्रम | उपलव्धी |
| १ | राजस्व प्रशासन तालिम केन्द्रलाई क्षमता विकास र विषयगत दक्षता हासिल गर्न सक्ने प्राज्ञिक संस्थाको रुपमा विकास गर्ने । साथै यस केन्द्रलाई राजस्व सम्बन्धी महत्वपूर्ण सामग्रीहरु संग्रह गरी सुरक्षित रुपमा राख्ने अभिलेख केन्द्रको रुपमा विकास गर्ने । | अवधारणापत्र तयार गर्ने कार्य सम्पन्न गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश भएको छ |

| सि.नं. | तालिमको नाम | अवधि | | सहभागी संख्या (जना) |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. सेवाकालीन तालिमहरु | | | | |
| क.राजस्व प्रशासन सम्बन्धी सेवाकालीन तालिम | | | | |
| १ | राजस्व प्रशासन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७४/०४/१८ | २०७४/०५/३० | ३० |
| २ | राजस्व प्रशासन सम्वन्धी सहायकस्तरीय सेवाकालीन तालिम | २०७४/०६/२५ | २०७४/०८/०८ | ३० |
| ख. आर्थिक प्रशासन सम्बन्धी सेवाकालीन तालिम | | | | |
| १ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७४/०४/२२ | २०७४/०६/०२ | २९ |
| २ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७४/०८/२५ | २०७४/१०/०८ | २८ |
| ३ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी सहायकस्तरीय सेवाकालीन तालिम | २०७४/०४/१७ | २०७४/०५/३० | ३४ |
| ४ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी सहायकस्तरीय सेवाकालीन तालिम | २०७४/०६/२२ | २०७४/०८/०४ | ३८ |
| ग. | राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत | २०७५।११।२ | २०७५।१२।९ | २८ |

| | | | | |
|---|---|---|---|---|
| | रा.प.द्वितीय श्रेणी (उपसचिवस्तर) का कर्मचारीहरुको सेवाकालीन तालिम | | | |
| २. अल्पकालीन तालिमहरु | | | | |
| क. राजस्व प्रशासन सम्बन्धी अल्पकालीन तालिम | | | | |
| १ | वस्तु वर्गीकरण सम्वन्धी अल्कालीन तालिम, मेची | २०७४/०९/१० | २०७४/०९/१२ | २४ |
| २ | वस्तु वर्गीकरण सम्बन्धी अल्पकालीन तालिम, नेपालगंज | २०७४।१२।२४ | २०७४।१२।२६ | ३१ |
| ३ | आसिकुडा वर्ल्ड सम्वन्धी अल्पकालीन तालिम, मेची | २०७४/०९/१३ | २०७४/०९/१५ | ३४ |
| ४ | आसिकुडा वर्ल्ड सम्बन्धी अल्पकालीन तालिम, नेपालगञ्ज | २०७४/१२/२७ | २०७४/१२/२८ | ३१ |
| ५ | राजस्व प्रशासनमा कानूनी कार्यविधि सम्बन्धी अल्पकालीन तालिम, काठमाण्डौ | २०७४/११/२७ | २०७४/११/२८ | २९ |
| ६ | भन्सार जाँचपास तथा नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था सम्बन्धमा अल्पकालीन तालिम, काठमाण्डौ | २०७५/३/२१ | २०७५/३/२२ | २४ |
| ख. आर्थिक प्रशासन सम्बन्धी अल्पकालीन तालिम | | | | |
| १ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम, सिन्धुपाल्चोक | २०७४।१२।१९ | २०७४।१२।२० | ३९ |
| २ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम, काभ्रे | २०७४।१२।१९ | २०७४।१२।२० | ३६ |
| ३ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम, बारा | २०७५।१।४ | २०७५।१।५ | ३० |
| ४ | सार्वजनिक खरिद सम्बन्धी अल्पकालीन तालिम, इलाम | २०७५।३।३ | २०७५।३।४ | ३८ |
| ५ | सार्वजनिक खरिद सम्बन्धी अल्पकालीन तालिम, बागलुंग | २०७५।३।११ | २०७५।३।१२ | ३८ |
| ६ | आन्तरिक लेखापरीक्षण सम्बन्धी अल्पकालीन तालिम, काठमाण्डौ | २०७५।२।२१ | २०७५।२।२३ | २८ |
| ७ | आन्तरिक लेखापरीक्षण सम्बन्धी अल्पकालीन तालिम, ललितपुर | २०७५।३।४ | २०७५।३।६ | १८ |
| ८ | आन्तरिक लेखा परीक्षण सम्बन्धी अल्पकालीन तालिम, झापा | २०७५।३।१० | २०७५।३।१२ | ३४ |
| ग. | प्रदेशस्तरको योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी अल्पकालीन तालिम | २०७४।११।२७ | २०७५।११।२९ | ३१ |
| ३ | सेवा प्रवेश तालिमहरु | | | |
| क | राजस्व प्रशासन सम्बन्धी सेवा प्रवेश तालिम | | | |
| १ | राजस्व प्रशासन सम्बन्धी राजस्व समूहका रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको सेवाप्रवेश तालिम | २०७५।१।९ | २०७५।४।४ | ३० |

| | | | | |
|---|---|---|---|---|
| ख | आर्थिक प्रशासन सम्बन्धी सेवा प्रवेश तालिम | | | |
| १ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी लेखा समूह तथा लेखापरीक्षण सेवाका रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको सेवाप्रवेश तालिम | २०७५।१।९ | २०७५।४।४ | ३० |
| २ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी लेखा समूह तथा लेखापरीक्षण सेवाका रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको सेवाप्रवेश तालिम | २०७५।१।९ | २०७५।४।४ | ३० |
| ३ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी लेखा समूह तथा लेखापरीक्षण सेवाका रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको सेवाप्रवेश तालिम | २०७५।१।९ | २०७५।४।४ | २८ |
| ४ | अन्य कार्यक्रमहरु | | | |
| क | पूर्व बजेट तर्जुमा सम्बन्धी छलफल तथा गोष्ठी कार्यक्रम धुलिखेलमा सम्पन्न गरिएको । | | | |
| ख | राजस्व प्रशासन सम्बन्धी सेवाकालीन, सेवा प्रवेश तथा अल्पकालीन तालिमका १० वटा नयाँ मोड्युल निर्माण तथा ५ वटा मोड्युल परिमार्जन गरिएको । | | | |
| ग | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी सेवाकालीन, सेवा प्रवेश तथा अल्पकालीन तालिमका ८ वटा नयाँ मोड्युल निर्माण तथा ७ वटा मोड्युल परिमार्जन गरिएको । | | | |
| घ | राजस्व प्रशासन सम्बन्धी मेची र नेपालगंज भन्सार तथा आ.रा.का. भद्रपुर, नेपालगंज र तुलसीपुरमा तालिम आवश्यकता पहिचान गरिएको । | | | |
| ङ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी रुपन्देही, नवलपरासी, चितवन, सर्खेत, गुल्मी र सिन्धुपाल्चोकमा तालिम आवश्यकता पहिचान गरिएको । | | | |
| च | तालिम केन्द्रको आगामी पाँच वर्षीय रणनीतिक योजना तर्जुमा गरिएको । | | | |
| छ | तालिम केन्द्रलाई राजस्व तथा आर्थिक प्रशासन सम्बन्धी महत्वपूर्ण अभिलेखहरु संग्रह गरी अभिलेख गर्ने अभिलेख केन्द्रको रुपमा समेत विकास गर्ने सम्बन्धी अवधारणा पत्र तर्जुमा गरी स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाइएको । | | | |
| ज | तालिम केन्द्रको नयाँ निर्माणाधिन भवनको लागि Detailed Electrical Design गरिएको । | | | |
| झ | केन्द्रले तयार गरेको तालिम संचालन कार्यविधि अर्थ मन्त्रालयबाट स्वीकृत भई सो अनुसार तालिम कार्यक्रम संचालन भैरहेको । | | | |
| ञ | चालु आर्थिक वर्षमा राजस्व पत्रिकाको पौष र असार गरी २ वटा अंक प्रकाशन गरिएको । | | | |

## ११. सूचना अधिकारी र प्रमुखको विवरण :

| विवरण | पदाधिकारी | सम्पर्क नं. |
|---|---|---|
| प्रमुख | दामोदर रेग्मी | ९८४१३५९९७३ |
| सूचना अधिकारी | बाबुराम ज्ञवाली | ९८४९०५६८३३ |

## १२. ऐन, नियम र निर्देशिकाको सूची: राजस्व प्रशासन तालिम केन्द्रलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा निम्नानुसारका कानूनहरुको प्रशिक्षण गरी आफनो कार्य सम्पादन गर्ने गरेका छन् ।

विशिष्टिकृत कानूनहरु

- आयकर ऐन, २०५८
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- अन्त:शुल्क ऐन, २०५८
- मदिरा ऐन, २०३१
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- आयकर नियमावली, २०५९
- अन्त:शुल्क नियमावली, २०५९
- मदिरा नियमावली ,२०३३
- सालवसाली आर्थिक ऐन
- ऐन सम्बद्ध निर्देशिकाहरु (आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क)

अन्य कानूनहरु

- राजस्व न्यायाधिकरण ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- नेपाल सरकारका कर राजस्व सम्बन्धी निर्णयहरु
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यवधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- तालिम निर्देशिका, २०७४

## १३. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरण

| बजेट उपशीर्षक नं. ३०५०१७३ (चालु खर्च) | | | | | | |
|---|---|---|---|---|---|---|
| यो महिनाको खर्च | यो महिनाको निकासा | खर्च/ वित्तीय संकेत नंबर | खर्च/ वित्तीय शीर्षक | अन्तिम बजेट | यो महिनासम्मको खर्च | बजेट बांकी |
| ८७३९५६।० | १०९४६३७९।० | २१११ | तलव | १८०५६००० | १०९४६३७९ | ७१०९६२१ |
| २४०००।० | २८६०००।० | २१११३ | महंगी भत्ता | ४४४००० | २८६००० | १५८००० |
| १३६५००।० | ५४४६५०।० | २१११९ | अन्य भत्ता | ५८५००० | ५४४६५० | ४०३५० |
| ०।० | १६५०००।० | २११२१ | पोषाक | २७८००० | १६५००० | ११३००० |
| २९२०१६।० | १०५३७१३।० | २२१११ | पानी तथा बिजुलि महसुल | १४३६००० | १०५३७१३ | ३८२२८७ |
| ५०५५७।० | ४३२९७७।० | २२११२ | संचार महसुल | ९३९००० | ४३२९७७ | ५०६०२३ |
| १६३२९३१।० | ४५४२३८७।० | २२१२१ | घरभाडा | ४५६०००० | ४५४२३८७ | १७६१३ |
| १७४७८५।० | ११४४८७६।० | २२२११ | ईन्धन | १७७००००।० | ११४४८७६ | ६२५१२४ |
| १७४४६२।० | ९४७१९८।० | २२२१२ | संचालन तथा मर्मत संभार | १३५५०००।० | ९४७१९८ | ४०७८०२ |
| ९०००।० | ९७४३५।० | २२२१३ | बिमा | १०००००।० | ९७४३५ | २५६५ |
| ६२२३२१।० | २७४५०२७।० | २२३११ | कार्यालय सम्बन्धि खर्च | २९१६०००।० | २७४५०२७ | १७०९७३ |
| १०११६०।० | ८४६३७९।० | २२४११ | सेवा र परामर्श खर्च | ८५००००।० | ८४६३७९ | ३६२१ |
| १४५८१५।० | १९४६८९५।० | २२४१२ | अन्य सेवा शुल्क | २१४३०००।० | १९४६८९५ | १९६१०५ |
| २७८१७५८।० | १४९६२७४३।० | २२५११ | कर्मचारी तालिम | २०८२५०००।० | १४९६२७४३ | ५८६२२५७ |
| ९६६०६।० | १९३६३३।० | २२६११ | अनुगमन तथा मुल्यांकन खर्च | ८९३०००।० | १९३६३३ | ६९९३६७ |
| १९९१।० | ५८५९१।० | २२६१२ | भ्रमण खर्च | २०००००।० | ५८५९१ | १४१४०९ |
| ९०४९०।० | ४४०३३५।० | २२७११ | विविध खर्च | ४५००००।० | ४४०३३५ | ९६६५ |
| **७२८९३४८।०** | **४१३५४२१८।०** | | **जम्मा** | **५७८००००।०** | **४१३५४२१८।०** | **१६४४५७८२।०** |
| | | ६०१०१४३/६०१०१८३ | | | | |
| ० | १०२५४२७।० | २७३१३ | संचित बिदा | १०२५४२७।० | १०२५४२७।० | ०।० |
| ० | १०१२६३४।० | २७३१४ | औषधी उपचार | १०१२६३४।० | १०१२६३४।० | ०।० |
| ० | ०।० | | | | | |
| ० | **२०३८०६१।०** | | | २०३८०६१।० | २०३८०६१।० | ०।० |
| **कुल जम्मा** | **४३३९२२७९।०** | | | **५९८३८०६१।०** | **४३३९२२७९।०** | **१६४४५७८२।०** |

बजेट उपशीर्षक नं. ३०५०१७४ (पूंजीगत खर्च)

| यो महिनाको खर्च | यो महिनाको निकासा | खर्च/ वित्तीय संकेत नंबर | खर्च/ वित्तीय शीर्षक | अन्तिम बजेट | यो महिनासम्मको खर्च | बजेट बांकी |
|---|---|---|---|---|---|---|
| ३४४६५०।० | ११८८१३२।० | २९३११ | **फर्निचर तथा फिक्स्चर्स** | ३४६८०० ० | ११८८१३२ | २२७९८६८ |
| ८७६०००।० | १२३७८००।० | २९४११ | **सवारी साधन** | १२५०००० | १२३७८०० | १२२०० |
| ३९३९१८।० | १०४४१२०।० | २९५११ | **मेशिनरी औजार** | २०४६०० ० | १०४४१२० | १००१८८० |
| ४३४३७।० | २०६८९१।० | २९६२१ | **पुंजीगत सुधार खर्च** | ८००००० | २०६८९१ | ५९३१०९ |
| **१६५८००५।०** | **३६७६९४३।०** | | | **७५६४०० ०।०** | **३६७६९४३** | **३८८७०५७** |

## १४. अन्य विवरण:

**(क) तालिम केन्द्रको वेव साइट**

**तालिम केन्द्रका प्रकाशन तथा अन्य सूचनामूलक जानकारीको लागि यसकोको वेवसाइट www.pfmtc.gov.np को निर्माण र संचालन गरिएको छ।**

**(ख) अन्य प्रकाशित पुस्तक पुस्तिका एवं सूचना र सामग्रीहरु:**

**१. तालिम संचालन सम्बन्धी सूचना**

**२. राजस्व पत्रिका (अर्ध वार्षिक)**

**३. वार्षिक प्रतिवेदन**